# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ १२ गते

**विश्व खाद्य कार्यक्रमले वितरण गरेको चामल गुणस्तरहीन रहेको आयोगको निष्कर्ष ।**

राष्ट्रिय मानव अधिकार आयोगबाट काभ्रेपलाञ्चोक जिल्लामा गएको अनुगमन टोलीले विश्व खाद्य कार्यक्रमले उपलब्ध गराई नेपाल रेडक्रस सोसाईटीद्धारा भूकम्प पीडितलाई वितरण गरिएको चामल गुणस्तरहीन पाएको छ ।
आयोगका सदस्यद्धय मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालको नेतृत्वमा गएको अनुगमन टोलीले महादेवस्थानको समाजसेवा भवनमा भण्डारण गरी राखिएको चामल गुणस्तरहीन रहेको पाएको हो ।

उक्त चामल खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा परीक्षण गराएपछि नेपाल सरकारले चामलको लागि तोकेको अनिवार्य गुणस्तर अनुरुप नरहेको ल्याबको प्रतिबेदनमा **“टुक्रेको चामलको मान नेपाल सरकारले चामलको लागि तोकेको अनिवार्य गुणस्तर अनुरुप नरहेको देखिएको छ”** ।
खाद्य ऐन, २०२३ को दफा ३ ले गुणस्तरहीन खाद्य पदार्थ वितरण गर्न रोक लगाएको छ । समाजसेवा भवनमा रहेको चामलको भण्डारणको अवलोकन गर्दा स्वस्तिक, सुरज चामल, उत्पादक ठाकुर एग्रो ईण्डष्ट्रिज लेखिएको पहेँलो बोरा र  सादा सेतो प्लाष्टिको बोरामा चामल भण्डारण गरि राखेको पाइएको थियो ।

पहेलो बोरामा उत्पादन मिति मे, २०१५ र उपभोग मिति उत्पादन भएको मितिले ६ महिना भित्र प्रयोग गरी सक्नु पर्ने समेत उल्लेख भएको र नाङ्गो आखाँले हेर्दा समेत कालो रंगको झण्डै आधा कनिका मिसावट रहेको आयोगको अनुगनमनबाट देखिएको छ ।
चामलको उपभोगको सम्बन्धमा अनुगमन टोलीले स्थानीय बासिन्दाहरुसँग प्रतिक्रिया लिँदा चामल पकाएपश्चात अमिलो, तितो, खाँदा स्वाद नमिठो र नराम्रो बास्ना आउने त्यसकारण स्थानीय वासिन्दाले कुँडोमा मिसाएको भन्ने कुरा बताएका थिए ।
बालबालिकाले उक्त चामलको भात खाएपछि झाडापखाला भएर जीवनजल खाएको बताएका थिए । मानिसको स्वास्थ्य तथा जीवनसँग सम्बन्धित खाद्यान्नमा खेलवाड गर्ने संस्थाहरुलाई कानूनी दायरामा ल्याई कारबाही गर्न आयोग सरकारको ध्यानाकर्षण गराउँछ । आयोगले यस अघि २०६६ सालमा विश्व खाद्य कार्यक्रमबाट जाजरकोट जिल्लामा वितरीत खाद्यन्न गुणस्तरहीन भएको ठहर गरी नेपाललाई आवश्यक कारवाहीको लागि सिफारिस गरेको थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org